# नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रवन्ध निर्देशकको नियुक्ति र सेवा सुविधा सम्बन्धी निर्देशिका (दोश्रो संशोधन सहित), २०७२

कम्पनी ऐन, २०६३ को दफा ९६ को उपदफा (१) मा नियमावलीको अधिनमा रही सञ्चालकहरुले आफुहरु मध्येबाट छानेको एकजनालाई प्रवन्ध सञ्चालकको रुपमा नियुक्त गरिने व्यवस्था भए पनि कम्पनीको प्रवन्धपत्र नियमावलीको नियम १२ को खण्ड (छ) को उपखण्ड (४) मा [1]सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत नियुक्त नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका कार्यकारी प्रमुख सञ्चालक रहने व्यवस्था भएकोले प्रवन्ध निर्देशकको नियुक्ति [2]सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट हुँदै आएको,

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएपनि नेपाल सरकारको करिव ९२ प्रतिशत शेयर कायम रहेको सार्वजनिक कम्पनी भएको तथा अन्य सार्वजनिक संस्थाहरुको कार्यकारी प्रमुखको नियुक्ति सम्बन्धी मन्त्रिपरिषद्‌बाट भइरहेको सन्दर्भमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडलाई व्यावसायीक संस्थाको रुपमा विकास गराई प्रतिस्पर्धात्मक वातावरणमा कम्पनीको स्थायीत्वको सुनिश्चितता गराउनको लागि निश्चित कार्ययोजना र उदेश्य सहित खुला प्रतिस्पर्धाको माध्ययमबाट कम्पनीको प्रवन्ध निर्देशक नियुक्त गर्न एवं नियुक्ति प्रक्रियालाई स्वच्छ र पारदर्शी बनाउन वाञ्छनिय भएकोले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रवन्ध निर्देशकको नियुक्ति र सेवा सुविधा सम्बन्धी निर्देशिका (दोश्रो संशोधन), २०७५ बनाएको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u>

(क) यस निर्देशिकाको नाम "नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रवन्ध निर्देशकको नियुक्ति र सेवा सुविधा सम्बन्धी निर्देशिका (दोश्रो संशोधन), २०७५" रहेको छ ।

(ख) [3]यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "कम्पनी" भन्नाले "नेपाल दूरसञ्चार कम्पनी लिमिटेड" सम्झनु पर्छ ।

(ख) "सञ्चालक समिति" भन्नाले कम्पनीको सञ्चालक समिति सम्झनु पर्छ ।

(ग) "प्रवन्ध निर्देशक" भन्नाले नेपाल सरकारबाट नियुक्त कम्पनीको कार्यकारी प्रमुखलाई सम्झनु पर्छ ।

---

[1] दोश्रो संशोधनद्वारा संशोधित

[2] दोश्रो संशोधनद्वारा संशोधित

[3] पहिलो संशोधनद्वारा संशोधित

(घ) "नियमावली" भन्नाले कम्पनीको नियमावली सम्झनु पर्छ ।

**(ङ)** [1]"मन्त्रालय" भन्नाले "सञ्चार तथा सूचना प्रविधि मन्त्रालय" सम्झनु पर्छ ।

## ३. कम्पनीको प्रवन्ध निर्देशकको नियुक्ति विधि र नियुक्ति गर्ने निकायः-

[2]३.१ कम्पनीको प्रवन्ध निर्देशकको नियुक्तिको लागि नाम सिफारिस गर्न नेपाल सरकार, मन्त्रिपरिषद्ले देहाय बमोजिमको एक छनौट समिति गठन गर्नेछः-

(क) मन्त्रालयको सचिव - संयोजक

(ख) दूरसञ्चार वा सूचना प्रविधि वा वित्तिय, लेखा वा सार्वजनिक व्यवस्थापन सम्बन्धी विज्ञ - सदस्य

(ग) सहसचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - सदस्य

३.२ कम्पनीको प्रवन्ध निर्देशक छनौटका लागि देहाय बमोजिम मूल्याङ्कन गरिनेछः-

(क) व्यावसायीक कार्ययोजना ( Business Development Plan) वापत देहाय बमोजिम बढीमा - ६० अङ्क

(अ) कम्पनीको भावी रणनीतिक योजना (Future Stategic Plan) - २५ अङ्क

(आ) कम्पनीको परिचय तथा विद्यमान कार्यसञ्चालनको अवस्था (Performance Status with time series data) -५ अङ्क

(इ) कम्पनी विद्यमान अवस्थामा पुग्नाका कारणहरुको पहिचान तथा विश्लेषण (Identification and analysis of the reasons behind the status of given performance)- १० अङ्क

(ई) कम्पनीको विद्यमान अवस्थामा देखिएका समस्या, कमी कमजोरी, अवसर र अध्ययन तथा विश्लेषण (SWOT Analysis) -२० अङ्क

[3](ख) न्यूनतम शैक्षिक योग्यता वापत - १० अङ्क

[4](ग) अनुभवः वरिष्ठ अधिकृत वा व्यवस्थापकीय पदमा काम गरे बापत प्रत्येक वर्षको १.५ अङ्कका दरले वढीमा १२ अङ्क र नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको वरिष्ठ अधिकृत वा व्यवस्थापक पदमा काम गरे वापत प्रत्येक वर्षको ०.५ अङ्कका दरले वढीमा ३ अङ्क ।

(घ) अन्तर्वार्ता वापत बढीमा -१५ अङ्क

३.३ छनौट समितिले मूल्याङ्कनको आधारमा अधिकतम अङ्क प्राप्त गर्ने तीनजना उम्मेदवारहरुको नाम वर्णानुक्रमानुसार [5]मन्त्रालय समक्ष सिफारिस गर्नेछ ।

---

[1] दोश्रो संशोधनद्वारा थप

[2] दोश्रो संशोधनद्वारा संशोधित

[3] दोश्रो संशोधनद्वारा संशोधित

[4] पहिलो संशोधनद्वारा संशोधित

[5] दोश्रो संशोधनद्वारा संशोधित

३.४ छनौट समितिको सिफारिसको आधारमा नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट प्रवन्ध निर्देशकको नियुक्ति हुनेछ ।

३.५ छनौट समितिले प्रवन्ध निर्देशकको छनौट सम्बन्धमा आफैं कार्यविधि तय गर्नेछ ।

४. **कम्पनीको प्रवन्ध निर्देशकको सेवा अवधि सम्बन्धमाः**

(क) प्रवन्ध निर्देशकको पदावधि तीन वर्षको हुने,

(ख) प्रवन्ध निर्देशकको कार्य सन्तोषजनक भएको कारण जनाई सञ्चालक समितिले सिफारिस गरेको आधारमा नियुक्त गर्ने अधिकारीले दुई वर्षको लागि निजको पदावधि थप गर्न सक्ने ।

[1](ग) कम्पनीमा कार्यरत कर्मचारी प्रवन्ध निर्देशक पदमा नियुक्त भएमा निजको साविकको पदाधिकार कायमै रहने छ । प्रवन्ध निर्देशकको पदावधि समाप्त भएपछि निजले आफ्नो पदाधिकार रहेको पदमा काम गर्न सक्नेछ । प्रवन्ध निर्देशकको पदमा कायम रहेको अवधि निजको निवृत्तिभरणका लागि गणना हुनेछ ।

[2]५. **प्रवन्ध निर्देशकको उम्मेदवार बन्न आवश्यक शैक्षिक योग्यताः** उम्मेदवार हुन मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणीज्य, व्यवस्थापन, अर्थशास्त्र, व्यापार प्रशासन, सूचना प्रविधि, इलेक्ट्रोनिक्स इन्जिनियरिङ, टेलिकम्युनिकेशन इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ मध्ये कुनै विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरेको हुनुपर्नेछ ।

[3]६. **नेपाल दूरसञ्चार कम्पनीको प्रवन्ध निर्देशकको पदमा नियुक्ति हुन आवश्यक पर्ने कार्य अनुभवः** नेपाल दूरसञ्चार कम्पनी लिमिटेड वा सोही प्रकृतिका दूरसञ्चार सेवा प्रदायक संस्था वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्था र निकायको अधिकृत स्तरको पदमा कम्तीमा पन्ध्र वर्ष काम गरेको तर त्यस्तो कार्य अवधि मध्ये कम्तीमा ५ वर्ष वरिष्ठ अधिकृत वा व्यवस्थापकको पदमा काम गरेको हुनुपर्नेछ ।

यस निर्देशिकाको प्रयोजनका लागि वरिष्ठ अधिकृत भन्नाले तहगत व्यवस्था भएका निकायको हकमा अधिकृत आठौं र नवौं तह, श्रेणीगत व्यवस्था भएका निकायका हकमा अधिकृत द्वित्तीय श्रेणीलाई बुझिने छ। व्यवस्थापक पद भन्नाले तहगत व्यवस्था भएका निकायका हकमा दशौं वा सो भन्दा माथिल्लो तह र श्रेणीगत व्यवस्था भएका निकायको हकमा अधिकृत प्रथम वा सो भन्दा माथिको श्रेणी बुझिने छ ।

[4]७. **कम्पनीको प्रवन्ध निर्देशकको उम्मेदवार हुन आवश्यक उमेरः** कम्पनीको प्रवन्ध निर्देशकको पदको लागि आवेदन दिने अन्तिम मिति सम्म उम्मेदवारको उमेर ३५ वर्ष पूरा भई ५८ वर्ष ननाघेको हुनुपर्ने छ ।

८. **कम्पनीको प्रवन्ध निर्देशकको पदमा उम्मेदवार हुन अयोग्य मानिने अवस्थाः** प्रवन्ध निर्देशकको लागि उम्मेदवार हुन देहायको व्यक्ति अयोग्य मानिने छः-

---

[1] दोश्रो संशोधनद्वारा थप

[2] दोश्रो संशोधनद्वारा संशोधित

[3] पहिलो संशोधनद्वारा संशोधित

[4] दोश्रो संशोधनद्वारा संशोधित

(क) गैर नेपाली नागरिक,

[1](ख) .............................

(ग) प्रचलित कानुन बमोजिम व्यावसायीक परिषद वा संस्थामा दर्ता भई काम गर्नुपर्ने विषय अध्ययन गरेको व्यक्तिको हकमा त्यस्तो परिषद् वा संस्थामा दर्ता नभएको,

(घ) दरखास्त दिने अन्तिम मितिको तीनवर्ष अगाडिसम्म प्रतिस्पर्धी दूरसञ्चार सेवा प्रदायक संस्थामा काम गरेका व्यक्ति,

(ङ) कुनै राजनितिक दलको सदस्य भएको,

(च) मानसिक सन्तुलन विग्रेको वा बहुलाएको,

(छ) नेपाल दूरसञ्चार कम्पनी लिमिटेडसँगको ठेक्कापट्टा वा कुनै चल अचल सम्पत्ति सम्बन्धी कारोवारमा निज आफैं वा निजको परिवारको कुनै सदस्यको संलग्नता भएको वा सो कम्पनीसँग निजी स्वार्थ रहेको,

(ज) निजको नाममा व्यक्तिगत वेरुजु बाँकी रहेको,

(झ) भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण वा नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर भएको,

(ञ) नियतवत वैंक वा वित्तिय संस्थाको ऋण नतिरी प्रचलित कानुन बमोजिम कालोसूचीमा परेको, वा

(ट) प्रचलित कानुन बमोजिम अयोग्य ठहरिएको व्यक्ति ।

## ९. कम्पनीको प्रवन्ध निर्देशकको पारिश्रमिक तथा अन्य सुविधाहरु सम्बन्धमाः-

प्रवन्ध निर्देशकको पारिश्रमिक र सुविधा देहाय बमोजिम हुनेछ । अन्य सुविधाहरुको हकमा कम्पनीको नियमावलीमा उल्लेख भए बमोजिम हुनेछः

(क) मासिक पारिश्रमिक (तलव) रु. २ लाख

(ख) घरभाडाः पारिश्रमिकको एक चौथाई मासिक

(ग) भैपरी आउने खर्चः मासिक पारिश्रमिकको एक चौथाई मासिक

(घ) चाडपर्व खर्चः एक महिनाको पारिश्रमिक वरावर रकम

(ङ) भ्रमण खर्चः कम्पनीको नियमावली अनुसार

(च) अतिथि सत्कार खर्चः सञ्चालक समितिले तोकेको अधिकार सीमा भित्र रही विल बमोजिम रकम ।

---

[1] दोश्रो संशोधनद्वारा हटाइएको

.१० [1]**प्रवन्ध निर्देशकको कार्य सम्पादन मापन सूचकाङ्कः-**

प्रवन्ध निर्देशकको वार्षिक कार्यसम्पादन मापन गर्न कम्तीमा देहायका सूचकांक हासिल गर्नुपर्ने न्यूनतम लक्ष्य निर्धारण गरिएको छः

| क. स. | सूचकांक | भार | लक्ष्य | भारित अंक |
|---|---|---|---|---|
| १ | EBITDA GROWTH | २५% | १०% | २.५ |
| २ | सञ्चालन आम्दानीमा वृद्धि (Revenue Growth) | २५% | १०% | २.५ |
| ३ | ग्राहक संख्यामा(Subscriber Growth) | २५% | १५% | ३.७५ |
| ४ | कुल मुनाफा(Net Profit Growth) | १५% | १५% | २.२५ |
| ५ | सम्पत्तिको प्रतिफलमा वृद्धि(Growth in Return on Total Assets) | १०% | १०% | १.०० |
| | जम्मा | | | १२.०० |
| हासिल गर्नुपर्ने न्यूनतम अकं(कूल भारित अंकको ७५) | | | | ९.०० |

सेवाको गुणस्तरको सम्बन्धमा नियामक निकायले निर्धारण गरेको मापदण्ड हासिल गर्ने ।

११. **अन्य व्यवस्थाः**

[2](क) प्रवन्ध निर्देशकले सन्तोषजनक रुपमा काम नगरेको अवस्थामा नियुक्ति गर्ने अधिकारीले पदबाट हटाउन सक्नेछ । यसरी पदबाट हटाउँदा सफाई पेश गर्ने मौका दिइनेछ ।

(ख) यो निर्देशिका लागू हुँदाका वखत नेपाल सरकारको निर्णय बमोजिम कम्पनीमा बहाल रहेका प्रवन्ध निर्देशकको तोकिएको कार्यकाल समाप्त भएपछि नियुक्त गरिने प्रवन्ध निर्देशकको हकमा यो निर्देशिका बमोजिम हुनेछ ।

[3](ग) प्रवन्ध निर्देशकको नियुक्तिको सेवा, शर्त, सुविधा, पारिश्रमिक आदीका विषयहरुमा नेपाल सरकार (मन्त्रिपरिषद) को निर्णयबाट गरिएका संशोधनहरु कम्पनीको नियमावलीको अङ्गका रुपमा रहनेछन् ।

---

[1] दोश्रो संशोधनद्वारा संशोधित

[2] दोश्रो संशोधनद्वारा संशोधित

[3] पहिलो संशोधनद्वारा संशोधित